# हतुवागढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# घोडेटार, भोजपुर

प.सं. ०७९/८० प्रदेश नं. १, नepal

मिति:२०७९/१०/०५

## अपाङ्गता सहायता सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७९/१०/०५**

यस हतुवागढी गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक पर्ने सम्पूर्ण सूचना तथा परामर्श सेवा प्रदान गर्नका लागि स्थापना गरिने अपाङ्गता सहायता कक्षका लागि प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा एकजना अपाङ्गता सहायता सहजकर्ताको पदपूर्ति गर्नुपर्ने भएकाले आवश्यक न्यूनतम योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिएको छ । यसका लागि तोकिएको दरखास्त फाराममा भर्नुपर्ने सम्पूर्ण विवरणहरु भरी पासपोर्ट साईजको फोटो ट प्रति टाँस गरी सो का साथ आफ्नो नेपाली नागरिकता, अपाङ्गता परिचय-पत्र प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको बैंक भौचर/राजस्व भौचरको अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी यस हतुवागढी गाउँपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ । रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन । साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ ।

१. विज्ञापन नं.- ०१
२. पद:- अपाङ्गता सहायता सहजकर्ता (अपाङ्गता भएको व्यक्ति मात्रै)
३. मागसंख्या:- १ जना
४. सेवाको किसिम:- करार सेवा
५. दरखास्त बुझाउने अन्तिम मिति:- २०७९/१०/१९ (विज्ञापन भएको मिति देखि १५ दिन भित्र)
६. उम्मेद्वारको छनौट विधि:- प्रत्यक्ष मौखिक अन्तर्वार्ता तथा अन्य विविध पक्षको मूल्याङ्कन ।
७. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान:- हतुवागढी गाउँपालिका महिला तथा बालबालिका शाखा
८. परीक्षा दस्तुर:- रु. ३००/- (तीनसय रुपैयाँ मात्र)
९. परीक्षा दस्तुर बुझाउने प्रक्रिया:- बैंक भौचर वा राजस्व तिरेको भौचर फाराम साथ पेश गर्नुपर्नेछ ।
(PRABHU BANK, HATUWAGADI GA PA GA 1.1 ANTARIK RAJASWOKHATA 1560113798600010)

महेश निरौला
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१०. परीक्षा सञ्चालन हुने मिति, समय र स्थान आवेदन फाराम भर्ने अन्तिम म्याद सकिएको दुईदिन भित्र यस हतुवागढी गाउँपालिकाको सूचना पाटीमा टाँस गरिनेछ । साथै, वेब साइट र फोनबाट समेत जानकारी गरिनेछ ।

११. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार सहजकर्ता छनौट तथा सिफारिस समितिमा निहित रहनेछ ।

१२. मासिक तलवः- करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

१३. आवश्यक न्यूनतम योग्यताः

(क) नेपाली नागरिक ।

(ख) अपाङ्गता भएका व्यक्ति ।

(ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट +२ वा सो सरह उत्तीर्ण गरेको ।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

(ङ) अपाङ्गता सम्बन्धी काम गर्ने सरकारी तथा गैरसरकारी संघ संस्थामा कामकक गरेको अनुभव भएको, कम्प्युटर सम्बन्धी तालिम लिएको, बहिरा नागरिकको लागि सांकेतिक भाषा दोभासे तालिम प्राप्त गरेको, स्थानीय अपाङ्गता भएको महिलालाई विशेष प्राथमिकता दिइनेछ ।

महेश निरौला
प्रमुख प्रशासकीय अधिकृत

CamScanner